# घ्याङलेख गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# हयुटार, सिन्धुली
# बागमती प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति : २०८१।१०।०२)

(पहिलो संशोधन मिति : २०८१।१०।२५)

## आन्तरिक आय संकलन सम्बन्धी कार्यको शिलबन्दी बढाबढ बोलपत्र आह्वानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा 'घु' को '६' मा भएको व्यवस्था अनुसार र घ्याङलेख गाउँकार्यपालिकाको मिति २०८१।०७।३० गते बसेको बैठकबाटे प्रारम्भिक वातवरणीय परीक्षण (आ.ई.ई) स्वीकृत भएअनुसार आन्तरिक कर संकलनको लागि उल्लेखित स्थानहरुबाट ढुंगा, बालुवा र गिट्टी उत्खनन् , सकंलन र जिल्ला भित्र तथा बाहिर निकासी गरी कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र शिलबन्दी बोलपत्र पेस गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

१) शिलबन्दी बोलपत्र फारम यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस गाउँपालिकाको नेपाल एसबिआई बैक हयुटारमा रहेको तपसिलको खातामा रु ३,०००।- (अक्षरुपि तीन हजार मात्र) दस्तुर तिरि (पछि फिर्ता नहुने गरि) www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ ।

खाता न. : **Ga-1-1(43395241207004)**

कार्यलय कोड : **801032504**

२) शिलबन्दी बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ ।निवेदन साथ ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको

प्रमुख प्रशासकीय अधिकृत

स्थायी लेखा नम्बर, कार्यालयमा दर्ता भएको प्रमाणपत्र र आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३) खरिद गरिएका बोलपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र www.bolpatra.gov.np/egp बाट दाखिला गर्न सकिनेछ । दाखिला हुनआएका बोलपत्रहरु ३१औं दिनको १:०० बजे यस गाउँपालिकामा उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रहोबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४) बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिका खुलेको दिन वोलपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५) वोलपत्र खाम बाहिर वोलपत्र नं., दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६) बोलपत्र जमानत वापत (मू.अ.कर सहितको) कबोल गरेको अंकको ३% हुन आउने रकम यस गाउँपालिकाको नेपाल एसबिआई बैक हयुटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. **Ga-3(43325240600016)** मा जम्मा भएको सक्कलै भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकमफिर्ता हुनेछ ।

७) बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाइ मान्यता दिइनेछ ।

८) एउटा फर्मको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९) बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको बोलपत्र पेश गर्नु पर्नेछ ।

१०) बोलपत्रदाताले मु.अ.कर सहितक्को रकम गाउँपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

११) कुनै सर्त राखी पेश गरेको बोलपत्र उपर कारवाही हुनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

१२) सुचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको बोलपत्र फारममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुनआएको वोलपत्र उपर कुनै कारवाही हुने छैन तथा वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१३) यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित नेपालको कानूनअनुसार हुनेछ ।

१४) ठेकेदारले निकासि भएको बराबरको मात्र कर असुल्न पाउनेछ । ठेक्का अघि वा पछिको उत्खन्न् तथा संकलन भएको परिमाण दाबि गर्न पाइने छैन ।

१५) सम्झौता भएको मितिबाट २०८२/०३/३१ सम्म ठेक्काको अवधि रहनेछ । उत्खनन् को हकमा प्रारम्भिक वाताबरणिय परिक्षण (IEE) ले तोकेको बमोजीम जेष्ठ मसान्त देखि भाद्र मसान्त सम्म गर्न पाइने छैन ।

१६) अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि. नं. | ठेक्का न. | कामको विवरण | ठेक्का अंक | प्रति घन फिट दर |
|---|---|---|---|---|
| 1 | GHRM/REVENUE/01/081/082 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Ghyanglekh River at Ghyanglekh Rural Municipality | रु. २६,०६,३६४/९२ (मु.अ.कर सहित) | रु ७.९१/- (सात रुपैया एकानब्बे पैसा मात्र)- मु.अ.कर. सहित |

प्रमुख प्रशासकीय अधिकृत